# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शैक्षिक प्रशासन महाशाखा
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सः २०८१/८२
च.नः 6055

फोन नः ०५६-५३२०३७
Email: bmceducationsection@gmail.com

मिति - २०८२/०२/२७

विषय - गर्मी बिदा सम्बन्धमा।

श्री विद्यालयहरु सबै (पूर्वप्राथमिक/मन्टेश्वरी समेत),
भरतपुर महानगरपालिका,
चितवन।

प्रस्तुत सम्बन्धमा केही दिनदेखिको अत्यधिक गर्मीका कारण जनजीवन प्रभावित भैरहेको र बालबालिकाहरूको विद्यालय आवागमन तथा पठनपाठनमा समेत समस्या भएकाले विद्यालय सञ्चालनका लागि कठिन भएको भन्ने जनगुनासो समेतलाई मध्यनजर गर्दै स्थानीय जनप्रतिनिधिहरू, अभिभावक, विद्यालय र सरोकारवालाहरूको सुझावका आधारमा वार्षिक शैक्षिक क्यालेण्डर २०८२ मा उल्लेखित महानगरको निर्णयबाट प्रतिकूल मौसमको अवस्था हेरी ४ दिन बिदा गर्न सकिने व्यवस्था भएबमोजिम सो बिदाबाट समायोजन हुने गरी यही मिति २०८२/०२/२८ गते देखि २०८२/०२/३० गते (बुधबार देखि शुक्रबार) सम्म जम्मा ३ दिन महानगरपालिकाबाट बिदा गर्ने निर्णय भएको व्यहोरा जानकारी गराइन्छ। साथै विदाको अवधिमा आफ्ना बालबालिकालाई दिउँसो घाममा हिँडडुल गर्न नदिन र नदी-पोखरीहरूमा पौडी खेल्ने, माछा मार्ने जस्ता कार्यमा संलग्न हुन नदिन आवश्यक सावधानी अपनाउन सबै अभिभावकहरूलाई अनुरोध गर्दै सोही बमोजिम आफ्ना विद्यार्थीहरूलाई निर्देशन दिनुहुन सबै विद्यालयहरूलाई अनुरोध छ।

सुवास चन्द्र आचार्य
उपसचिव/प्रमुख
शैक्षिक प्रशासन महाशाखा
उप-सचिव

बोधार्थः
श्री वडा कार्यालय, वडा नं. १-२९, भरतपुर महानगरपालिका, चितवन।
श्री सूचना तथा प्रविधि शाखा — वेभसाइटमा अपलोड गरिदिनुहुन।